# नेपाल टेलिकम
# Nepal Telecom

राष्ट्र निर्माण हाम्रो लक्ष्य


पत्र संख्या : ०८०/८१
चलानी नं. : प्रे.वि.नं. ३५

मिति : २०८१/०३/३१

नेपाल टेलिकमले उपलब्ध गराएको Monsoon Offer 2081 सम्बन्धमा यसैसाथ संलग्न प्रेस विज्ञप्ति प्रकाशन/प्रसारण गरिदिनुहुन अनुरोध छ ।

## प्रेस विज्ञप्ति

नेपाल टेलिकमले भोलि (२०८१ श्रावण १) देखि लागु हुने गरी मनसुन अफर २०८१ (Monsoon Offer 2081) अन्तर्गत विभिन्न आकर्षक प्याक तथा सुविधाहरु उपलब्ध गराउने भएको छ । यस अन्तर्गत कम्पनीले विभिन्न सुविधा सहितका नयाँ भ्वाइस तथा डाटा प्याकेजहरु सञ्चालनमा ल्याउन लागेको हो ।

प्रिपेड मोबाइल प्रयोगकर्ताका लागि २८ दिन समयावधि रहेको रु. १९९ देखिका कम्बो प्याकेजहरु उपलब्ध हुनेछन् । यस अन्तर्गत रु. १९९ मा २०० मिनेट अल-नेट भ्वाइस र २ जीबी डाटा सहितको कम्बो १९९ प्याक सञ्चालनमा आउनेछ । सोही अन्तर्गत कम्पनीले रु. २९९ मा ३०० मिनेट अल-नेट भ्वाइस, ४ जीबी डाटा र २० अन-नेट एसएमएस सहितको कम्बो २९९ प्याक र रु. ४९९ मा ५०० मिनेट अल-नेट भ्वाइस, ८ जीबी डाटा र १०० अल-नेट एसएमएस सहितको कम्बो ४९९ प्याक उपलब्ध गराउनेछ ।

प्रिपेड र पोस्टपेड जुनसुकै मोबाइल प्रयोगकर्ताका लागि सजिलो अनलिमिटेड प्याक अन्तर्गत रु. ६९९ मा अनलिमिटेड अल-नेट भ्वाइस, १५ जीबी डाटा र २०० अल-नेट एसएमएस सहितको सजिलो अनलिमिटेड ६९९ प्याक सञ्चालन हुनेछ । साथै सजिलो अनलिमिटेड ७९९, ९९९ र १४९९ प्याकमा ग्राहकका लागि सुबिधा थप गरी उक्त प्याकहरुलाई अझै आकर्षक बनाइने भएको छ, जसमा प्रिपेड मोबाइल प्रयोगकर्ताका लागि २८ दिन र पोस्टपेड मोबाइल प्रयोगकर्ताको लागि ३० दिनको समयावधि रहनेछ ।

डाटा प्याक अन्तर्गत १ दिन देखि २८ दिनसम्म समयावधि रहेका रु. २९ देखि रु. ९९९ सम्मका १ जीबी देखि १०० जीबी सम्म रिसोर्स सहितका बिभिन्न आकर्षक डाटा प्याकहरु उपलब्ध हुनेछन् । पोस्टपेडमा भने रु. ३७३ वा सो भन्दा बढी मूल्यको प्याकेज खरिद गर्दा मासिक रुपमा तिनुपर्ने रेन्टल चार्ज पनि प्याकेजमा नै समावेश हुनेछ ।

| S.N. | Package Name | Resource (GB) | Validity (days) | Tariff NRs. (Inc. of Taxes) | Remarks |
|---|---|---|---|---|---|
| 1 | 1 GB Data pack | 1 GB | 1 | 29 | |
| 2 | 3 GB Data pack | 3 GB | 1 | 99 | |
| 3 | 5 GB Data pack | 5 GB | 7 | 109 | |
| 4 | 12 GB Data Pack | 12 GB | 7 | 199 | |
| 5 | 7 GB Data Pack | 7 GB | 28 | 299 | |
| 6 | 13 GB Data Pack | 13 GB | 28 | 399 | (Rental included for postpaid) |
| 7 | 20 GB Data | 20 GB | 28 | 499 | |
| 8 | 50 GB Data | 50 GB | 28 | 899 | |
| 9 | 100 GB Data | 100 GB | 28 | 999 | |

कम्पनीले अन-नेट अर्थात कम्पनीकै नेटवर्कमा कल गर्न सकिने नयाँ प्याकेजहरु, जुनसुकै नेटवर्कमा कल गर्न सकिने गरी अल-नेट प्याकेजहरुका साथै रु. ४९ मा १ दिनका लागि १ एमबीपीएस अनलिमिटेड डाटा प्याकेज र रु. ५९ मा अनलिमिटेड अन-नेट भ्वाइस एवं ५ एमबीपीएस सम्मको अनलिमिटेड डाटा सहितको अनलिमिटेड नाइट कम्बो प्याक तथा रु. १९९ मा भ्वाइस तथा डाटा सुबिधा सहितको अनलिमिटेड विक्ली कम्बो प्याक पनि उपलब्ध गराउने भएको छ ।


सूचना तथा प्रकाशन शाखा
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाडौं ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Limited

प्रमुख व्यावसायिक अधिकृत : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०१६०
सूचना शाखा : ०१४२१०३०२

यसका साथै कम्बो प्याकेज, अनलिमिटेड प्याकेज लगायतका प्याकेज प्रयोगकर्ताका लागि रिसोर्स समाप्त भएको अवस्थामा सजिलै थप गर्न मिल्ने गरी सहुलियत दरमा एड अन (Add On) प्याकेजहरु समेत सञ्चालन गरिनेछ ।

ग्राहकले आफ्नो मोबाइलबाट *1415# डायल गरेर वा 'नेपाल टेलिकम' एपको प्रयोगबाट विभिन्न प्याकेजहरु सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सक्नेछन् । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यस सम्बन्धमा विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिनेछ ।

किशोर कुमार भट्ट
प्रवक्ता